# स्थानीय राजपत्र

हरिनास गाउँपालिका द्धारा प्रकाशित

खण्ड ९) चित्रेभञ्ज्याँङ्ग, स्याङ्गजा, माघ २१ गते, २०८२ साल (संख्या ७

# भाग २

## स्थानीय सरकार

# हरिनास गाउँपालिका

चित्रेभञ्ज्याङ्ग, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

हरिनास गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

हरिनास गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको **हरिनास गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८२** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## हरिनास गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८२

**प्रस्तावनाः** गाउँपालिकाबाट सञ्चालन हुने विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) खण्ड (ख) मा भएको व्यवस्था बमोजिम गरिने अनुगमन तथा सुपरीवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकोले यस गाउँपालिकाको प्रशासकीय (नियमित गर्ने ऐन), २०७५ दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम हरिनास गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि २०८२ रहेको छ ।

(२) यो कार्यविधि हरिनास गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **"अध्यक्ष"** भन्नाले हरिनास गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ख. **"अनुगमन"** भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरूमा लगानी तथा साधनको प्रवाह समूचित ढंगले भए, नभएको कार्यतालिका अनुसार क्रियाकलापहरू कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भए, नभएको सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति बाट तोकिएका पदाधिकारीहरू तथा कर्मचारीहरू द्वारा निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्यलाई सम्झनुपर्दछ।

ग. **"अनुगमन मूल्याङ्कन समिति"** भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्छ। सो शब्दले दफा (३) को उपदफा (२) बमोजिम गठित वडास्तरीय अनुगमन तथा मूल्याङ्कन समिति समेतलाई जनाउँछ।

घ. **"उपाध्यक्ष"** भन्नाले हरिनास गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

ङ. **"कार्यविधि"** भन्नाले हरिनास गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८२ सम्झनुपर्छ।

च. **"गाउँपालिका"** भन्नाले हरिनास गाउँपालिकालाई सम्झनु पर्छ।

छ. **"मूल्याङ्कन"** भन्नाले तोकीएको सूचकका आधारमा कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरू हालको समयमा के, कति सान्दर्भिक, लाभदायी र प्रभावकारी तथा कतिको उपलब्धि एवं प्रभावहरू हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>अनुगमन तथा मूल्याङ्कन समिति</u>

३. **<u>अनुगमन तथा मूल्याङ्कन समितिः</u>** (१) गाउँपालिका सरहद भित्र संचालित योजना, आयोजना तथा कार्यक्रमहरूलाई नतिजामुखी बनाउन गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरू रहने गरी एक समिति हुनेछ ।

| | |
|---|---|
| (क) उपाध्यक्ष | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) प्राविधक शाखाको प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (घ) योजना शाखा प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (च) प्राविधिक कर्मचारीहरू | -सदस्य |

तर उक्त समितिका सदस्यका अतिरिक्त अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य पदाधिकारी वा कर्मचारीलाई अनुगमन तथा मूल्याङ्कन गर्न वाधा पुगेको मानिने छैन ।

(२) वडामा संचालित योजना, आयोजना तथा कार्यक्रमलाइ प्रभावकारी ढंगले संचालन तथा कार्यान्वयन गर्न वडा अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरू रहने गरी एक वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष | - संयोजक |
| (ख) वडा समितिका सदस्यहरू | - सदस्य |
| (ग) वडा सचिव | - सदस्य |
| (घ) वडामा कार्यरत प्राविधिक कर्मचारी | - सदस्य |

४. **<u>अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) दफा (३) को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरीय अनुगमन तथा मुल्यांकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिकामा संचालित योजना, आयोजना तथा कार्यक्रमको नियमित एवं आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ख) योजना, आयोजना तथा कार्यक्रम संचालनको क्रममा गाउँसभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरू कार्यान्वयन गर्ने गराउने।

(ग) योजना, आयोजना तथा कार्यक्रम संचालनको क्रममा भएका विवादहरू उचित ढंगले व्यवस्थापन गर्ने।

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने।

(ङ) गाउँ सभा, गाउँ कार्यपालिका तथा गाउँपालिका अध्यक्षले तोकेको अन्य कार्यहरू सम्पादन गर्ने।

(२) दफा ३ को उपदफा (२) बमोजिम गठित वडास्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडास्तरमा संचालित योजना, आयोजना तथा कार्यक्रमको नियमित एवं आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ख) योजना, आयोजना तथा कार्यक्रम संचालनको क्रममा गाउँसभा, गाउँ कार्यपालिका तथा वडा समितिबाट भएका निर्णय तथा निर्देशनहरू कार्यान्वयन गर्ने गराउने।

(ग) योजना, आयोजना तथा कार्यक्रम संचालनको क्रममा उत्पन्न भएका विवादहरू उचित ढंगले व्यवस्थापन गर्ने।

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन वडा समितिको बैठक तथा गाउँपालिका समक्ष पेश गर्ने।

(ङ) गाउँसभा, गाउँ कार्यपालिका तथा वडा समितिले तोकेका अन्य कार्यहरू गर्ने।

## परिच्छेद-३

## अनुगमन तथा मूल्याङ्कनकर्ताले पाउने सेवा सुविधा

५. **अनुगमन तथा मूल्याङ्कनकर्ताको सुविधा**: (१) दफा ३ को उपदफा (१) बमोजिम गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीले प्रति योजना, आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरेवापत रू. १,०००/- (अक्षरुपी एक हजार रुपैंया मात्र) प्राप्त गर्नेछन्। उक्त रकममा नियमानुसार करकट्टी हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिम वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको पदाधिधारी तथा कर्मचारीले प्रति योजना, आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरेवापत रू. १,०००/- (अक्षरुपी एक हजार रुपैंया मात्र) प्राप्त गर्नेछन्। उक्त रकममा नियमानुसार करकट्टी हुनेछ।

(३) अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अन्य कर्मचारीले अनुगमन तथा मूल्याङ्कनमा जाँदा उपदफा (१) बमोजिम सुविधा प्राप्त गर्नेछन्।

## परिच्छेद-४

## <u>अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन</u>

६. **<u>अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनः</u>** दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन समितिका सदस्यले अनुसूची-१ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

## <u>विविध</u>

७. **<u>बाधा अडकाउ फुकाउ अधिकारः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिका स्तरको समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

८. **<u>संशोधनः</u>** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ।

९. **<u>बचाउः</u>** यो कार्यविधि जारी हुनु भन्दा पहिले भए गरेका कार्यहरू तथा प्रदान गरिएका सेवा सुविधा यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछन।

## अनुसूची-१

### (दफा ६ सँग सम्बन्धित)

### गाउँपालिकास्तरीय/वडास्तरीय अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

हरिनास गाउँपालिकाको गाउँसभाले चालु आ.व. २० ......... मा स्वीकृत गरेको यस गाउँपालिका अन्तर्गत वडा नं. ...स्थित ................................................................................. योजना/आयोजना/कार्यक्रम संचालन पश्चात फरक-फारक पूर्व गाउँपालिका/वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले योजना/आयोजना/कार्यक्रमको स्थलगत अनुगमन गरी पेश गरेको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन।

(१) योजना/आयोजना/कार्यक्रमको नामः

(२) योजना/आयोजना/कार्यक्रम संचालन भएको स्थानः

(३) योजना/आयोजना/कार्यक्रम को लागत अनुमानः

(४) गाउँपालिकाको अनुदानः

(५) कबोल अंकः

(६) योजना/आयोजना/कार्यक्रम सम्झौता मितिः

(७) योजना/आयोजना/कार्यक्रम सम्पन्न मितिः

(८) अनुगमन मितिः

(९) समयः

(१०) स्थलगत अनुगमनमा संलग्न अनुगमन तथा मूल्याङ्कन समितिका पदाधीकारीहरूको नामावली

| क्र.स | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

(११) अनुगमनबाट देखिएको व्यहोराः

| क्र.स | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्वीकृत लागत अनुमान अनुसार काम भएको | | | |
| २ | कार्यालयको प्राविधिकको नियमित निर्देशनमा योजना/आयोजना/कार्यक्रम संचालन भएको | | | |
| ३ | योजना/आयोजना/कार्यक्रम लागत अनुमान अनुसारका निर्माण सामाग्रीहरुको प्रयोग | | | |
| ४ | योजना/आयोजना/कार्यक्रम स्थलमा योजना/आयोजना/ कार्यक्रम सूचनापाटी | | | |
| ५ | ठुलो मेसिनरी उपकरण प्रयोग | | | |
| ६ | अन्य | | | |

(१२) अनुगमन समितिको निष्कर्षः

आज्ञाले,
राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत